**आ.व. ०८०/८१ को पहिलो बैठक**

आज मिति २०८० साल श्रावण २६ गते शुक्रबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री पूर्ण बहादुर तिवारी | सदस्य | ९८४२७६९३३१ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री रमेश खालिङ | सदस्य | ९८१६९०५०८८ | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री जनार्दन निरौला | सदस्य-सचिव | ९८५२६७४००९ | |

**अन्य**

लेखा शाखा प्रमुख श्री ~~सम्भु श्रेष्ठ~~ गोपाल भट्टराई

सहायक पाँचौ श्री शिव कुमार काम्बाङ, प्रशासन शाखा

का.स. श्री धन बहादुर बुढाथोकी

**<u>प्रस्तावहरु:</u>**

१. अघिल्लो बैठकको समिक्षा गर्ने सम्बन्धमा।

२. रिक्त पदहरु माग गर्ने सम्बन्धमा।

३. आ.व. ०८०/०८१ मा सञ्चालन गर्ने आयोजनाहरु सम्बन्धमा।

४. इन्फ्रारेड इन्डक्सन चुलो वितरण सम्बन्धमा।

५. जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयलाई सिफारिस गर्ने सम्बन्धमा ।

६. बालुवा उत्खननको लागि अनुमति दिने सम्बन्धमा।

७. वडा नं.-६ को वेद प्रसाद रसैलीको घर निर्माण गरिदिने सम्बन्धमा।

८. विज्ञापन आव्हान गर्ने सम्बन्धमा।

९. स्वास्थ्य चौकी, थेचम्बुको लागि दैनिक ज्यालादारीमा सरसफाई कर्मचारी नियुक्ती गर्ने सम्बन्धमा।

**निर्णयहरु:**

**निर्णय नं.१**

प्रस्ताव नं.-१ माथी छलफल गर्दा यस गाउँपालिका, गाउँकार्यपालिकाको अघिल्लो बैठकहरुको निर्णयहरुको कार्यान्वयनको स्थितिबारे प्र.प्र.अ. श्री जनार्दन निरौलाबाट बैठकमा जानकारी भयो साथै कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरुलाई तत्काल कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-२**

प्रस्ताव नं.-२ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिकामा रिक्त पदहरुको माग आकृति फारम भरी पठाउने सम्बन्धमा यस अघि स्थायी नियुक्ती भई पदस्थापन भएका कर्मचारीहरु विभिन्न मितिमा काज सरुवा भएर अन्यत्र कार्यालयमा गई हालसम्म पनि उक्त पदहरु रिक्त भई कार्यसम्पादनमा असहजता आएको हुनाले यस गाउँपालिका अन्तर्गत रिक्त रहेका तपसिल बमोजिमको पदहरुमा कर्मचारी आपुर्तिका लागि तोकिएका माग आकृति फारम भरी पठाउने सर्वसहमतिले निर्णय गरियो ।

**तपसिलः**

१. इन्जिनियर-१

२. सब-इन्जिनियर-३

३. अ.सब-इन्जिनियर-३

४. कम्प्युटर अपरेटर-१

**निर्णय नं.-३**

प्रस्ताव नं.-३ माथी छलफल गर्दा चालु आ.व. ०८०/०८१ मा विनियोजन भएका तपसिल बमोजिमका आयोजनाहरु उपभोक्ता समिति र ठेक्कामार्फत सञ्चालन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**तपसिलः**

| क्र.स. | आयोजनाको नाम | सञ्चालन गर्ने | कैफियत |
|---|---|---|---|
| १ | स्वास्थ्य चौकी भवन निर्माण, नाङखोल्याङ | उपभोक्ता समिति मार्फत | |
| २ | नयाँ वडा कार्यालय भवन निर्माण तथा मर्मत वडा नं.-२ | उपभोक्ता समिति मार्फत | |
| ३ | ३ नं. वडाको वडा कार्यालय भवन निर्माण | ठेक्का मार्फत सञ्चालन गर्ने | |
| ४ | स्वास्थ्य चौकी भवन व्यवस्थापन, डुम्रिसे | उपभोक्ता समिति मार्फत | |
| ५ | स्वास्थ्य चौकी भवनमा प्लास्टर तथा टायल निर्माण | उपभोक्ता समिति मार्फत | |
| ६ | सम्पुर्ण नया ट्र्याक ओपन, वडा नं. ६ | सबै क्लष्टरको ठेक्का मार्फत | |
| ७ | वडा कार्यालय घेराबारा तथा ठेस गारो निर्माण | उपभोक्ता समिति मार्फत | |

**निर्णय नं.-४**
प्रस्ताव नं.-४ माथी छलफल गर्दा गत आ.व. ०७९/०८० मा खरिद गरिएको इन्फ्रारेड इन्डक्सन चुलो यस पाथीभरा याङवरक गाउँपालिकाभित्रका सामुदायिक विद्यालय, स्वास्थ्य चौकी, वडा कार्यालय, प्रहरी चौकी र ६ वटै वडाभित्रका बजार क्षेत्रमा वितरण गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-५**
प्रस्ताव नं.-५ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिका वडा नं.-१, नाङखोल्याङको **फेनेबुङ-बैंसी कुलो निर्माण आयोजना** सञ्चालन गर्न र वडा नं.-२, थेचम्बुको **बोक्तिम्बा सिँचाई कुलो** निर्माण गर्न आवश्यक बजेट माग गर्नको लागि श्री जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, ताप्लेजुङलाई सिफारिस गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-६**
प्रस्ताव नं.-६ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिका वडा नं.-१ को सेसम्बु, आम्बोटे क्षेत्रमा रहेको बालुवालाई घाटगद्दी गर्न र उत्खनन् गर्नको लागि सेसम्बु, आम्बोटे बालुवा गिटी संकलन केन्द्रलाई अनुमति दिने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं.-७**
प्रस्ताव नं.-७ माथी छलफल गर्दा वडा नं.-६ को वेद प्रसाद रसैलीको घर पहिरोको कारणले भत्केकोले उक्त घर विपद् व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी निर्माण गरिदिने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-८**
प्रस्ताव नं.-८ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिकामा तपसिल बमोजिमका पदहरुमा सेवा करारमा कर्मचारी पदपुर्ति गर्नको लागि १५ दिने सूचना आव्हान गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**तपसिलः**

- कृषि अधिकृत-१
- सूचना प्रविधि अधिकृत (IT Officer)-१
- अमिन (सहायक चौथो)-१

**निर्णय नं.-९**
प्रस्ताव नं.-९ माथी छलफल गर्दा स्वास्थ्य चौकी, थेचम्बुमा कार्यरत कार्यालय सहयोगी श्री नारायण प्रसाद पौडेलको अनिवार्य अवकास भएर उक्त पद खाली भई कार्य सम्पादनमा असहजता भएको हुनाले, सरसफाई कर्मचारीको रुपमा दैनिक ज्यालादारीमा पाथीभरा याङवरक-२, थेचम्बु, ताप्लेजुङको सन्तोष विष्टलाई दैनिक रु.६००।- भुक्तानी दिने गरी करार सम्झौता गर्ने सर्वसहमतिले निर्णय गरियो ।